**लोक सेवा आयोग**

**नेपाल शिक्षा सेवा, पुरातत्व समूह, पुरातत्व उपसमूह, राजपत्र अनंकित प्रथम श्रेणी, अनुसन्धान सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

**पाठ्यक्रमको रुपरेखाः–** यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ :

| | | |
|---|---|---|
| **प्रथम चरण** :– | लिखित परीक्षा | पूर्णाङ्क :– १०० |
| **द्वितीय चरण** :– | अन्तर्वार्ता | पूर्णाङ्क :– २० |

**प्रथम चरण** – लिखित परीक्षा योजना (Examination Scheme)

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या x अङ्कभार | समय |
|---|---|---|---|---|---|
| सेवा सम्बन्धी | १०० | ४० | वस्तुगत बहुवैकल्पिक (Multiple Choice) | ५० प्रश्न x २ अङ्क = १०० | ४५ मिनेट |

**द्वितीय चरण**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २० | मौखिक |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

२. लिखित परीक्षामा यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

| पाठ्यक्रमका एकाइ | **1** | **2** | **3** | **4** | **5** | **6** | **7** | **8** |
|---|---|---|---|---|---|---|---|---|
| प्रश्न संख्या | 5 | 8 | 5 | 6 | 8 | 4 | 4 | 10 |

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

५. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

६. पाठ्यक्रम लागू मिति :- **२०७२/०४/२८ गते देखि**

Public Service Commission

**लोक सेवा आयोग**
**नेपाल शिक्षा सेवा, पुरातत्व समूह, पुरातत्व उपसमूह, राजपत्र अनंकित प्रथम श्रेणी, अनुसन्धान सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

**पत्र/ विषय :– सेवा सम्वन्धी**

**१. संस्कृत भाषा**

१.१ संस्कृत भाषाको परिचय र यसका विशेषता
१.२ संस्कृत भाषाको वैज्ञानिक अध्ययन - ध्वनिविज्ञान, वर्णविज्ञान, रूपविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञान
१.३ वैदिक संस्कृत भाषा र लौकिक संस्कृत भाषाको सामान्य परिचय र भिन्नता

**२. संस्कृत व्याकरण**

२.१ वर्ण समाम्नाय र प्रत्याहारको परिचय
२.२ वर्णोच्चारणस्थान, प्रयत्न, संज्ञा र सन्धिको परिचय
२.३ सुबन्त शब्दहरुको प्रयोग साधन, रूपावली ज्ञान र वाक्यमा प्रयोग
२.४ तिङ्न्त शब्द र धातुहरुको प्रयोग साधन, रूपावलीको ज्ञान र वाक्यमा प्रयोग
२.५ कृदन्त, तद्धितान्त शब्द निर्माण प्रक्रिया र प्रयोग
२.६ कारक र समासको परिचय र प्रयोग
२.७ स्त्रीप्रत्ययान्त शब्द निर्माण प्रक्रिया

**३. वाक्य रचना प्रक्रिया**

३.१ कर्तृवाच्य, कर्मवाच्य, भाववाच्यको वाक्य प्रयोग
३.२ कर्तृवाच्य, कर्मवाच्य, भाववाच्यको वाच्य परिवर्तन
३.३ अशुद्ध वाक्यको शुद्धीकरण
३.४ संस्कृत भाषाबाट नेपाली भाषामा अनुवाद
३.५ नेपाली भाषाबाट संस्कृत भाषामा अनुवाद

**४. संस्कृत वाङ्मय र यसका प्रमुख स्रष्टाहरु**

४.१ वेद, उपवेद, ब्राह्मणग्रन्थ र उपनिषद्को परिचय
४.२ स्मृतिग्रन्थहरु र वेदाङ्गको परिचय
४.३ पुराणको लक्षण, पुराण र उपपुराणको नाम
४.४ रामायण र महाभारत सम्बन्धी सामान्य जानकारी
४.५ भास, कालिदास, अश्वघोष, भारवि, भवभूति, माघ, बाण भट्ट, श्रीहर्ष, प्रताप मल्ल, शक्ति बल्लभ, छविलाल, सुकृतिदत्त पन्त, कुलचन्द्र गौतम, पण्डितराज सोमनाथ सिग्देलको परिचय र कृतिहरु
४.६ संस्कृत महाकाव्य, खण्डकाव्य, चम्पूकाव्य, नाटक र गद्यकाव्यको सामान्य परिचय
४.७ प्राच्य दर्शन र तन्त्रको सामान्य परिचय

**५. धर्म, दर्शन र इतिहास**

५.१ हिन्दु दर्शनको उत्पत्ति र विकास
५.२ शैव, वैष्णव, शाक्त, सौर्य र गाणपत्य संप्रदाय सम्बन्धी सामान्य जानकारी
५.३ बौद्ध दर्शनको उत्पत्ति र विकास
५.४ बुद्धका उपदेशहरु (चतुआर्य सत्य र अष्टाङ्गिक मार्ग)
५.५ निर्वाण एवं बोधिसत्व सम्वन्धी धारणा
५.६ बुद्ध धर्मका विभिन्न सम्प्रदायहरु
५.७ नेपालमा प्रचलित मुख्य मुख्य अन्य धर्महरुका बारेमा सामान्य जानकारी
५.८ लिच्छवी, मल्ल र आधुनिकालिन इतिहासको सामान्य जानकारी

Public Service Commission

**६. लिपिविज्ञान**

६.१ नेपालमा विभिन्न कालमा प्रचलनमा रहेका लिपिहरुहरुको विकासक्रम
६.२ ब्राह्मी, पूर्वलिच्छवी, उत्तर लिच्छवी लिपिहरुको जानकारी
६.३ नेवारी लिपिका विभिन्न प्रकारहरु सम्बन्धी सामान्य जानकारी
६.४ प्राचीन देवनागरी लिपि

**७. नेपालमा अभिलेख व्यवस्थापन**

७.१ अभिलेख एवं कागजातको परिभाषा
७.२ अभिलेखको प्राप्ति
७.३ अभिलेखको सूचीकरण एवं वर्गीकरण
७.४ अभिलेखको भण्डारण एवं संरक्षण
७.५ राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका हस्तलिखित ग्रन्थहरु
७.६ नेपालमा अभिलेखालयको विकास
७.७ राष्टिय अभिलेखालयको काम, कर्तव्य र अधिकार

**८. प्राचीन/ साँस्कृतिक सम्पदा र ऐन नियम**

८.१ मूर्त तथा अर्मूत साँस्कृतिक सम्पदाहरु सम्बन्धी जानकारी
८.२ विश्व सम्पदास्थल एवं प्राचिन स्मारकहरु
८.३ पुरातात्विक अन्वेषण, उत्खनन एवं संरक्षण सम्बन्धी सामान्य जानकारी
८.४ नेपालमा रहेका सरकारी र सामुदायिक संग्रहालयहरु सम्बन्धी सामान्य जानकारी
८.५ अभिलेख संरक्षण ऐन, २०४६ र नियमावली, २०६२
८.६ प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (संशोधन सहित) र नियमावली, २०४६
८.७ संस्कृति र पुरातत्व क्षेत्रसँग सम्बन्धित नेपाल सरकारबाट हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धी

........ समाप्त .......

**द्रष्टव्य :** यस पाठ्यक्रमको **एकाई ३ वाक्य रचना प्रक्रिया** बाट सोधिने ५ प्रश्नहरुको माध्यम भाषा संस्कृत र नेपाली हुनेछ ।

Public Service Commission

## नमूना प्रश्नहरु

१. संस्कृत भाषाको विशेषता कुन **होइन्** ?
A) देवभाषा B) परिष्कृत व्याकरण
C) भारोपेली परिवारको भाषा D) अनार्ष भाषा

२. वेदमा मात्र प्रयोग हुने लकार कुन हो ?
A) लट् B) लेट् C) लोट् D) लिङ्

३. पाणिनीय व्याकरणमा कति प्रत्याहार प्रसिद्ध छन् ?
A) ४१ B) ४२ C) ४४ D) ४५

४. कुन पद उपसर्ग होइन ?
A) उप B) अपि C) उत D) अति

५. कुन ग्रन्थ न्यायदर्शनसँग सम्बन्धित छ ?
A) न्यायामृताद्वैतसिद्धि B) न्यायरत्नमाला
C) जैमिनीयन्यायमाला D) न्यायमञ्जरी

६. 'मध्यमव्यायोगः' नाटकका स्रष्टा को हुन् ?
A) भास B) कालिदास C) भारवि D) श्रीहर्ष

७. 'प्यालियोग्राफी' भनेको के हो ?
A) अभिलेखहरु अध्ययन गर्ने विषय
B) कलात्मक लेखन पद्धति
C) प्राचीन लेखन पद्धति
D) लेखन सामग्रीको अध्ययन गर्ने विषय

८. तलका मध्ये कुन लिपि नेपालमा सबभन्दा पछि विकास भएको हो ?
A) देवनागरी
B) उत्तरलिच्छवी
C) रञ्जना
D) भुजिमोल

९. राष्ट्रिय अभिलेखालयको संकलनमा रहेको 'कारण्डव्यूह' ग्रन्थ कुन दर्शन सँग सम्बन्धित छ ?
A) शैव
B) बौद्ध
C) शाक्त
D) वैष्णव

१०. अभिलेख संरक्षण ऐनको प्रावधान अनुसार कार्यालयहरुले सामान्यतया कति वर्ष पुराना कागजात राष्ट्रिय अभिलेखालयमा पठाउनुपर्दछ ?
A) १०० वर्ष वा सो भन्दा पुराना
B) ५० वर्ष वा सो भन्दा पुराना
C) २५ वर्ष वा सो भन्दा पुराना
D) १० वर्ष वा सो भन्दा पुराना

Public Service Commission

**एकाई ३ वाक्य रचना प्रक्रिया**

११. 'रामेण ग्रामो गम्यते' वाक्यको कर्तृवाच्य कुन हुन्छ ?
- A) रामः ग्रामो गच्छति ।
- B) रामेण ग्रामं गम्यते ।
- C) रामः ग्रामेण गच्छति ।
- D) रामः ग्रामं गच्छति ।

१२. 'पच्' धातुको क्तप्रत्यायान्त रुप कुन शुद्ध हो ?
- A) पक्त
- B) पचित
- C) पक्व
- D) पच्त

१३. तलका मध्ये कुन संस्कृत वाक्य ठीक छ ?
- A) ग्रामस्य परितः शैला सन्ति ।
- B) ग्रामं परितः शैला सन्ति ।
- C) ग्रामात् परितः शैला सन्ति ।
- D) ग्रामाणां परितः शैला सन्ति ।

१४. 'रामः क्षेत्रं अखनत् ।' यो वाक्यको नेपाली अनुवाद कुन हो ?
- A) रामले खेत खन्यो ।
- B) रामले खेत खन्नेछ ।
- C) रामले खेत खन्छ ।
- D) रामले खेत खनेको छ ।

१५. 'गुरुले बालकलाई पाठ लेखाउनुहुन्छ ।' यो वाक्यलाई संस्कृत भाषामा अनुवाद गर्दा के हुन्छ ?
- A) गुरुणा बालकं लेखं लेखयति ।
- B) गुरुः बालकं लेखं लेखयति ।
- C) गुरुः बालकेन लेखं लेखयति ।
- D) गुरुः बालकात् लेखं लेखयति ।

Public Service Commission